नेपाली राजदूतावास
Embassy of Nepal

प्रेस वक्तव्य

नेपाली नागरिकहरू स्वदेश फर्किएको सम्बन्धमा

कोभिड १९ को महामारीद्धारा सिर्जित बन्दाबन्दीका कारण जर्मनी सहित यस राजदूतावास सहप्रमाणित भएका मुलुकहरू मध्ये पोल्याण्ड तथा चेक गणतन्त्रमा रहेका ४२ जना नेपालीहरू आज मिति जुन २९, २०२० का दिन फ्यांकफर्टबाट कतार एयरवेजको उडान नं. QA 068 बाट दोहा प्रस्थान गर्नुभएको छ । वहांहरू मिति जुन ३०, २०२० का दिन दोहाबाट सोही एयरबेजको चार्टर उडान नं. QA 3161 बाट काठमाडौं अवतरण गर्नु हुने तय भएको छ ।

विदेशमा असहज अवस्थामा परेका नेपाली नागरिकहरूलाई स्वदेश फर्किने व्यवस्थापन गर्न गराउनमा प्रमुख भूमिका खेल्ने श्री परराष्ट्र मन्त्रालय, श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय तथा सम्बद्ध सबै निकायहरू, जर्मनी, पोल्याण्ड तथा चेक गणतन्त्रका सम्बद्ध निकाय तथा अधिकारीहरू, उल्लिखित राष्ट्रहरूमा रहेका नेपाली समूदायका महानुभावहरूको सहयोग र प्रयासबाट नेपालीहरू स्वदेश फर्किन संभव भएकोले यस कार्यमा संलग्न सबैमा नेपाली राजदूतावास आभार व्यक्त गर्दछ । साथै, विभिन्न कठिनाई भएर पनि उडान व्यवस्थापन नहुन्जेल धैर्यधारण गरी यस नियोग प्रति दर्शाउनु भएको समझदारी एवं सहयोगको निमित्त सबै नेपालीहरू प्रति नेपाली राजदूतावास हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्न चाहन्छ ।

नेपाली राजदूतावास,
बर्लिन, जर्मनी

मिति: असार १५, २०७७
(जुन २९, २०२०)

Guerickestrasse 27, 10587 Berlin, Germany, Tel: +49 (030) 34 35 99 -20, Fax: +49 (030) 34 35 99 -06
Email: berlin@nepalembassy.de , Web: https://de.nepalembassy.gov.np